# MetLife का बीमा योजनाहरु



तपाईंसँगै जीवनमा अघि बढ्दै

## MetLife का बीमा योजनाहरू

MetLife का विभिन्न बीमा योजनाहरुले अत्यन्त प्रतिस्पर्धात्मक मूल्यमा बीमा सुरक्षा तथा आकर्षक बीमा लाभ प्रदान गर्दछन् । MetLife का बीमा योजनाहरु निम्न अनुसारका छन्:

### १. तीन किस्तामा भुक्तानी योजना
(Three Payment Plan: 3PP)

बीमाङ्क रकमलाई ३ किस्ताहरुमा भुक्तानी गर्नु यो योजनाको अनुपम विशेषता हो । १२, १५, १८, २१ वा २४ वर्ष मध्ये कुनै पनि बीमा अवधि आवश्यकता अनुसार रोज्न सकिन्छ ।

- १ महिना (३१ दिन) देखि ६० वर्ष उमेर सम्मका व्यक्तिले यो योजना लिन सक्दछन् ।
- न्यूनतम बीमाङ्क रु. ५०,०००/- देखि अधिकतम रु. ५,००,००,०००/- सम्म लिन सकिन्छ ।
- बीमालेखको १/३ अवधि समाप्तिमा बीमाङ्क रकमको २५% रकम भुक्तानी गरिन्छ ।
- अर्को २५% रकम बीमालेखको २/३ अवधि समाप्तिमा भुक्तानी गरिन्छ ।
- यो रकम तपाईले आफ्ना आवश्यकताहरु पूरा गर्न प्रयोग गर्न सक्नु हुनेछ अथवा अधिकतम प्रतिफलका लागि आफुले चाहेको जुनसुकै ठाउँमा लगानी गर्न सक्नु हुनेछ ।
- बाँकी ५०% बीमाङ्क रकम बीमा अवधि समाप्तिमा आर्जित बोनस सहित भुक्तानी गरिन्छ ।

**बोनसः**

यो बीमालेख मुनाफामा सहभागी हुने बीमालेख भएकोले कम्पनीले समय समयमा निर्धारण गर्ने दर अनुसार बोनस प्राप्त गर्नेछ ।

**ऐच्छिक लाभः**

थोरै थप बीमाशुल्क तिरेर बीमाङ्क बराबर अधिकतम रु. १०,००,००० (दस लाख) सम्मको चौबिसै घण्टा लागु रहने दुर्घटना मृत्यु लाभ पूरक करार यस बीमालेखमा थप्न सकिने छ । यसले दुर्घटनाबाट मृत्यु भएको अवस्थामा अतिरिक्त लाभ प्रदान गर्दछ ।

**सुरक्षाः**

बीमालेखको सम्पूर्ण अवधिको लागि पूर्ण बीमाङ्क रकम तथा आर्जित बोनसको लागि तपाईको बीमा गरिएको हुन्छ । यदि बीमाको अवधि भित्रै बीमीतको मृत्यु भएको अवस्थामा पहिलेनै तिरि सकेको किस्ताहरु कट्टा गरिदैन । सम्पूर्ण बीमाङ्क रकमको लागि बीमालेखको अन्तिम मितिसम्मको लागि बीमितको बीमा रक्षावरण हुन्छ ।

**अवधि समाप्ति अघि बच्चाको मृत्यु भएमाः**

वर्गीकृत मृत्युलाभ अनुमोदन (Graded Death Benefit Endorsement )* पत्रको अधीनमा रही भुक्तानी योग्य मृत्युलाभ रकम भुक्तानी गरिन्छ ।

**आकर्षक विशेषताहरूः**

तपाईंको बीमाशुल्क साधारण अवस्थामा बढ्ने छैन ।
नगद मूल्य, चुक्ता मूल्यहरुको प्रावधान रहेको छ ।

### २. शिक्षा संरक्षण योजना
(Education Protection Plan: EPP)



**शिक्षा संरक्षण योजना** एउटा जग हो जसमा तपाई आफ्नो बच्चाको भविष्य तथा करियरको निर्माण गर्न सक्नुहुनेछ । तपाई तथा तपाईले उपलब्ध गराउने आम्दानी माथि तपाईको बच्चा शिक्षा तथा जीवनका अन्य आवश्यकताहरुको लागि निर्भर रहन्छ । तपाई आफ्नो बच्चाले बढ्दो प्रतिस्पर्धात्मक संसारमा एउटा राम्रो शुरुवात गर्न उच्च शिक्षा प्राप्त गरोस् भन्ने चाहनु हुन्छ । उच्च शिक्षाको मूल्य वर्षौ देखि उक्ली नै रहेको छ । तपाईको बच्चा क्याम्पस जाने बेलामा आवश्यक रकम उपलब्ध रहोस् भन्ने कुरा तपाई कसरी सुनिश्चित गर्न सक्नु हुन्छ ? यसको लागि शुरुमा नै योजना नबनाइ तथा क्रमिकरुपमा बचत नगरेसम्म तपाईलाई रकमको बन्दोबस्त गर्न पछि गाह्रो हुन सक्दछ । तर बचत योजना पुरा गर्न आवश्यक



समयसम्म तपाई बाँच्नु नै हुन्छ भन्ने पनि निश्चित छैन । त्यसैले यो योजनाले तपाईको बच्चाको सुन्दर भविष्यको आधार बन्न सक्दछ । यो योजनाको लागि न्यूनतम उमेर बच्चाको ३१ दिन, अभिभावकको २१ वर्ष र अधिकतम उमेर बच्चाको १५ वर्ष, अभिभावकको ५५ वर्ष हुनु पर्नेछ । यो योजना न्यूनतम बीमाङ्क रु. ५०,०००/- देखि अधिकतम रु. ५०,००,०००/- सम्म लिन सकिन्छ ।

तपाईले आफैलाई कहिल्यै यो प्रश्न सोध्नु भएको छ ?

**"के मेरो बच्चाको भविष्य बारेको मेरो आकांक्षा म नरहेको अवस्थामा पूरा हुन्छ ?"**

तपाईको आर्थिक सहाराको अभावमा तपाईको परिवारले आफ्नो आरामदायी जीवनस्तरमा कटौती गर्नु पर्ने हुन सक्छ र तपाईको बच्चाले तपाईले सोचे बमोजिमको शिक्षा प्राप्त गर्न नसक्ने हुन सक्छ । यस्तो सम्भावनाहरुलाई तपाईले पूर्ण रुपमा निमिट्यान्न पार्नै पर्दछ । तपाईको बच्चा तपाईलाई प्यारो छ र तपाईले उसको राम्रो भविष्यसंग कुनै किसिमको सम्झौता गर्न सक्नु हुन्न । हाम्रो शिक्षा संरक्षण योजना बीमाले तपाईको मनबाट यस्तो चिन्ता तथा अन्यौलता हटाउँदछ ।

**बीमा योजनाले यसरी काम गर्दछः**

तपाईको चाहना अनुरुप तपाईको बच्चालाई उपयुक्त हुने उमेरमा बीमालेखको लाभ प्राप्त गर्न सकिने योजनाको अवधि रोज्नुहोस् । छनौटहरु धेरै छन्, तपाईले बच्चाको उमेरको आधारमा १० देखि २५ वर्षसम्मको कुनै पनि अवधि रोज्न सक्नु हुनेछ ।

**बीमा अवधि समाप्तिमा बच्चा जीवित रहेको अवस्थामाः**

बीमालेखको बीमाङ्क रकम साथै आर्जित बोनस पनि भुक्तानी गरिन्छ । यो रकम उसको उच्च शिक्षाको खर्च व्यहोर्न उपयोग गर्न सकिन्छ । अथवा उसले पहिले नै शिक्षा पूरा गरिसकेको छ भने उसलाई यो रकमबाट आफ्नो पेशा शुरुवात गर्न धेरै सहयोग पुग्नेछ । यो विवाह जस्ता खर्चको लागि पनि प्रयोग गर्न सकिन्छ ।

**तपाई (प्रस्तावक) को मृत्यु भएको अवस्थामाः**

क) बीमालेख अन्तर्गत मृत्यु पश्चात बाँकी हुन आउने बीमाशुल्कहरु मिनाहा गरिने छ र बीमालेख पूर्ण चालु अवस्थामा निरन्तर चलिरहन्छ ।

ख) साथै शिक्षाको लागि आय स्वरुप बीमाङ्क रकमको १% बीमालेखको समाप्ति नहुन्जेल सम्म हरेक महिना बच्चालाई भुक्तानी गरिने छ । अवधि समाप्तिमा माथि उल्लेखित लाभहरु पनि उसले प्राप्त गर्नेछ ।

**अवधि समाप्ति अघि बच्चाको मृत्यु भएमाः**

शिक्षा संरक्षण योजना अनुमोदनपत्र (Education Protection Plan Endorsement)* पत्रको अधीनमा रही भुक्तानी योग्य मृत्युलाभ रकम भुक्तानी गरिन्छ ।

**तपाईको अशक्ततामा रक्षावरण हुनेः अशक्तता सुरक्षा पूरक करार** (Disability Protection Rider)
थोरै अतिरिक्त बीमाशुल्कमा तपाईले "अशक्तता सुरक्षा पूरक करार (Disability Protection Rider)" भन्ने अत्यन्त बहुमूल्य लाभ यो EPP योजनामा थप्न सक्नु हुन्छ । यो पूरक करार अन्तर्गत यदि रोग वा दुर्घटनाको कारणले तपाई पूर्ण तथा स्थायी रुपमा अशक्त भएको अवस्थामा भविष्यको सम्पूर्ण बीमाशुल्कहरु मिनाहा गरिने छ । साथै बीमाङ्क रकमको १% बराबरको आय बीमा अवधि समाप्त नहुन्जेलसम्म हरेक महिना बच्चालाई भुक्तानी गरिनेछ । महिलाहरुलाई जारी गरिने बीमाशुल्क मिनाहा लाभको बीमाशुल्क प्रचलित दर भन्दा १.५ गुणा बढी हुनेछ ।

## ३. सावधिक जीवन बीमा

(Endowment Plan)

यस्ता किसिमका बीमाहरु मुख्यत: संचिति वा लगानीका किसिमहरु हुन जुन सिमित अवधिको लागि १०, १५, २०, २५ वा ३० वर्ष वा बीमीतको उमेर ५५, ६० वा ६५ बर्ष पुग्दा बीमाको अवधि समाप्त हुने गरि लिन सकिन्छ । यो योजनाको लागि न्यूनतम बीमीतको उमेर १ महिना (३१ दिन) देखि अधिकतम ५५ वर्षसम्म हुनु पर्नेछ । यो योजना न्यूनतम बीमाङ्क रु. ५०,०००/- देखि अधिकतम रु. ५,००,००,०००/- सम्म लिन सकिन्छ ।
बीमालेखले बीमा अवधिको समाप्तिमा बीमालेख मालिकलाई बीमाङ्क रकम तथा संचित बोनस रकम भुक्तानी प्रदान गर्दछ । बीमा अवधि समाप्त हुन अगावै बीमीतको मृत्यु भएमा बीमाशुल्कको भुक्तानीको अन्त्य हुनेछ र बीमालेख मालिकद्वारा तोकिएका इच्छाइएको व्यक्ति(हरु) लाई बीमाङ्क रकम तथा आर्जित बोनस रकम भुक्तानी गरिनेछ ।

**अवधि समाप्ति अघि बच्चाको मृत्यु भएमाः**

वर्गीकृत मृत्युलाभ अनुमोदन (Graded Death Benefit Endorsement )* पत्रको अधीनमा रही भुक्तानी योग्य मृत्युलाभ रकम भुक्तानी गरिन्छ ।
दुई वर्षको पुरा बीमाशुल्क भुक्तानी गरिसके पछि बीमालेखले नगद मूल्य प्राप्त गर्ने छ र बीमा अवधिभित्र बीमालेखको नगद मूल्य बढ्दै जानेछ । कुनै कारणवश बीमाशुल्क भुक्तानी गर्न नसक्ने अवस्था सृजना भएमा बीमालेख मालिकको अनुरोधमा नगद मूल्य प्राप्त गरेको बीमालेखलाई नगद मूल्य बराबरको बीमाङ्क कायम गरी चुक्ता बीमालेखको रुपमा जारी राख्न सकिनेछ । बीमा अवधिको समाप्तिमा चुक्ता बीमालेखको बीमाङ्क रकम भुक्तानी गरिने छ । आवश्यक परेमा ३ वर्ष सम्मको नियमित बीमाशुल्क भुक्तानी भई बीमा अवधि ३ वर्ष पूरा भएपश्चात बीमालेखलाई बीमालेख मालिकले कुनै पनि बखत समर्पण गरी नियमनकारी निकायले तोके बमोजिम समर्पण मूल्य भुक्तानी लिन सक्नेछ ।

**बोनसः**

यो बीमालेख मुनाफामा सहभागी हुने बीमालेख भएकोले कम्पनीले समय समयमा निर्धारण गर्ने दर अनुसार बोनस प्राप्त गर्नेछ ।

**आकर्षक विशेषताहरूः**

तपाईंको बीमाशुल्क साधारण अवस्थामा बढ्ने छैन ।
नगद मूल्य, चुक्ता मूल्यहरुको प्रावधान रहेको छ ।

**अशक्तता तथा दुर्घटना सम्बन्धी पूरक करारहरू**

**१) दुर्घटना मृत्यु लाभ** (Accidental Death Benefit):
कम्पनीले जारी गरेको दुर्घटना मृत्यु लाभले दुर्घटनाबाट मृत्यु भएको अवस्थामा थप रकम प्रदान गर्दछ । साधारणतया, बीमितलाई ६० वर्ष नजिकको बीमालेख वार्षिकोत्सव अथवा सो अगावै बीमालेख अवधि समाप्ति पूर्व, वाह्य, हिंसात्मक र दुर्घटनात्मक कारणले शरीरमा चोटपटक लागेमा र सोको परिणामस्वरुप त्यस्तो चोटपटक लागेको ९० दिन भित्र मृत्यु भएमा यसले थप लाभ प्रदान गर्दछ । रु. १०,००,००० भन्दा नबढ्ने गरि बीमाङ्क बराबर सबै नियमित जीवन बीमा योजनाहरु सँग दुर्घटना मृत्युलाभ संलग्न गर्न सकिनेछ ।



२) **बीमाशुल्क मिनाहा** (Waiver of Premium):
अशक्तताको कारणले बीमाशुल्क मिनाहा लाभ जुनसुकै नियमित जीवन बीमालेखसँग संलग्न गर्न सकिन्छ ।

**बीमाशुल्क मिनाहा लाभले साधारणतया निम्न अनुसार लाभ प्रदान गर्दछः**

१) बीमालेख अवधि समाप्ति मिति वा बीमालेख अन्त्य हुने मिति वा बीमितको ६० वर्ष उमेर नजिकको बीमालेख वार्षिकोत्सव मिति मध्ये पहिला आउने मिति अगावै शुरु भएको र ६ महिना वा सो भन्दा बढि समयसम्म जारी रहेको अशक्तता (पुरक करारमा परिभाषित भए अनुसार) को लागि अशक्तता शुरुवात र अन्त्यको बीचमा भुक्तानी गर्नु पर्ने बीमाशुल्क मिनाहा दिने ।

२) बीमितको जीवनकालमै र अशक्तता कायम रहेकै समयमा अशक्तताको लिखित सूचना र दाबीको प्रमाण पेश गर्नु पर्नेछ तर त्यस्तो सूचना प्राप्त मिति पूर्व एक वर्ष भन्दा बढी वक्यौता रहेको बीमाशुल्क मिनाहा हुने छैन ।

३) अन्य कुनै प्रकारको अशक्तता प्रति पुर्वाग्रह नराखी दुबै आँखाको दृष्टि गुमेको, दुबै हात वा दुबै खुट्टा गुमेको अथवा एउटा हात र एउटा खुट्टा गुमेकोलाई पूर्ण र स्थायी अशक्तता मानिनेछ ।

४) त्यसरी मिनाहा भएको बीमाशुल्क बीमालेखको लाभ दाबी भुक्तानी गर्दा कट्टी गरिने छैन तथा बीमाशुल्क नगद भुक्तानी गरे सरहनै वर्षेनी बीमालेखको ऋण तथा नगद मूल्यहरु बढि रहनेछ ।

आम्दानीमुलक पेशामा संलग्न १८ देखि ५५ वर्ष उमेर सम्मका पुरुष तथा महिला दुबैलाई बीमाशुल्क मिनाहा लाभ प्रस्ताव गर्न सकिन्छ । महिलाहरु स्वावलम्बी तथा घर बाहिरको जागिरबाट नियमित र निश्चित तलबी आय भएको हुनुपर्दछ । महिलाहरुलाई जारी गरिने बीमाशुल्क मिनाहा लाभको बीमाशुल्क प्रचलित दर भन्दा १.५ गुणा बढी हुनेछ ।

## किन अहिले नै बीमा गर्ने ?

लागत कम पर्छः जति चाँडो तपाई आफ्नो लगानी शुरु गर्नुहुन्छ तपाईको जीवन पर्यन्तको लागि लागत त्यति नै कम लाग्नेछ ।

पछि तपाई योग्य नहुन सक्छः स्वास्थ्य वा पेशामा परिवर्तनले तपाईलाई यस्तो बीमा योजनाको लागि पछि अयोग्य गराउन सक्दछ । जीवनको कुनै समयमा तपाईले “बीमा योग्यताको रेखा” नाघ्न सक्नुहुन्छ । त्यो भोलि पनि हुन सक्दछ ।

तपाईको नगद मूल्य चाँडो बढ्दछः नगद मूल्य वर्षेनी बढीरहन्छ । जति चाँडो तपाई शुरुवात गर्नु हुन्छ, त्यति नै बढी भविष्यमा तपाईको जीवनमा उपयोग गर्नको लागि यो उपलब्ध हुनेछ ।

**वर्गीकृत मृत्युलाभ अनुमोदन (Graded Death Benefit Endorsement)*/ शिक्षा संरक्षण योजना अनुमोदनपत्र (Education Protection Plan Endorsement)***:

बीमितको आयु २ वर्ष ६ महिना नपुग्दै बीमितको मृत्यु भएमा यस वर्गीकृत मृत्युलाभ अनुमोदन / शिक्षा संरक्षण योजना अनुमोदनपत्र अन्तर्गत भुक्तानी गरिने रकम तल दिईएको अनुसूचि बमोजिम हुनेछ ।

| मृत्यु हुँदाको उमेर | भुक्तानी हुने रकम |
|---|---|
| ६ महिना भन्दा कम भएमा | बीमाङ्क रकमको २५ प्रतिशत |
| सबभन्दा नजिकको जन्मदिनमा पुग्ने उमेर १ वर्ष भएमा | बीमाङ्क रकमको ५० प्रतिशत |
| सबभन्दा नजिकको जन्मदिनमा पुग्ने उमेर २ वर्ष भएमा | बीमाङ्क रकमको ७५ प्रतिशत |
| सबभन्दा नजिकको जन्मदिनमा पुग्ने उमेर ३ वर्ष भएमा | बीमाङ्क रकमको शत प्रतिशत |

मृत्युलाभ बीमाङ्क रकमको २५ प्रतिशत भन्दा बढी हुने अवस्थामा बीमाङ्कको २५ प्रतिशत तत्काल भुक्तानी गरी बाँकी हुन आउने, मृत्युहुँदा सम्मको आर्जित बोनस सहितको रकम बीमालेख परिपक्व वा समाप्ती (Maturity) भएपछि भुक्तानी गरिनेछ ।

### उद्घोषण (Disclaimer)

यसमा उल्लेखित बीमा योजनाहरु अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनीद्वारा अन्डरराइट गरिएको हो । यस ब्रोसरमा उल्लेख गरिएका जानकारीहरु सर्वसाधारण ग्राहकहरुलाई बुझाउन र सिकाउने उद्देश्यको लागि मात्र दिइएको हो । यी बीमा योजनाहरु अमेरिकन लाईफ इन्स्योरेन्स कम्पनीद्वारा जारी गरिने बीमालेखमा उल्लेखित शर्त तथा सुविधा अनुसार हुनेछ ।

MetLife बारे:

MetLife, Inc. (NYSE: MET), आफ्ना सहायक र सम्बद्ध संस्थाहरु सहित ("MetLife") बित्तिय सेवा प्रदायक विश्वका प्रमुख कम्पनीहरु मध्येको बीमा, एन्युटी (Annuities), कर्मचारी लाभ योजनाहरु र सम्पत्ति व्यवस्थापनको सेवा प्रदान गरी व्यक्तिगत तथा संस्थागत ग्राहकहरुको बदलिंदो संसारलाई जीवनमा अगाडि बढ्न मद्धत गरिरहेको एक प्रमुख बित्तीय सेवा प्रदायक कम्पनी हो । सन् १८६८ मा स्थापित भएको MetLife, विश्वभर ४० भन्दा बढि बजारहरुमा संचालनमा रहेको छ र संयुक्त राज्य अमेरिका, जापान, ल्याटिन अमेरिका, एशिया, युरोप र मध्य पूर्वमा अग्रणी स्थान ओगटेको छ । थप जानकारी का लागि, कृपया www.metlife.com हेर्नु होस् ।

MetLife, नेपाल बारे:

MetLife, Inc को सहायक संस्था, संयुक्त राज्य अमेरिकामा संस्थापित अमेरिकन लाइफ इन्श्योरेन्स कम्पनीको शाखाको रुपमा MetLife सन् २००१ देखि नेपालमा संचालन भइरहेको छ । नेपालमा यसले आफ्ना व्यक्तिगत तथा संस्थागत ग्राहकहरुलाई जीवन बीमा, दुर्घटना तथा स्वास्थ्य बीमा र सामुहिक बीमा जस्ता बीमा योजनाहरु उपलब्ध गराउदै आइरहेको छ । थप जानकारी का लागि, कृपया www.metlife.com.np हेर्नु होस वा ९७७-१-५५५५१६६ मा फोन गर्नुहोस ।

**अमेरिकन लाइफ इन्स्योरेन्स कम्पनी**
(संयुक्त राज्य अमेरिकामा स्थापित, नेपाल दर्ता नं. ६/०६२/०६३)
नारायणी कम्प्लेक्स, पुल्चोक, पो.ब.नं. ११५९०, काठमाडौं, नेपाल
फोन: (+९७७-१) ५५५५१६६, कल सेन्टर: (९७७-१) ५९७०१६६
फ्याक्स: (+९७७-१) ५५५५१७३, टोल फ्रि: १६६०-०१-५५५५५
इमेल: service-nepal@metlife.com.np
वेब साईट: www.metlife.com.np

MLPlan/2.0/07.2021